मिति २०७९ साल साउन२९ गते आइतबार बिहान ११:०० बजे ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री गीरेन्द्र बहादुर राई ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठक नं. ०२/०८/२०७८/०७९ मा भएका प्रस्ताव तथा निर्णयहरुः

प्रस्ताव तथा निर्णयहरु

१. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपाल सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ मा व्यवस्था भए बमोजिम माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री ज्यूको अध्यक्षतामा मिति २०७९/०४/०९ मा बसेको निर्देशक समितिबाट चालु आ.व. २०७९/०८० का लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भौतिक विस्तार लगायतका कार्यक्रममा सहभागी हुन इच्छुक सार्वजनिक विद्यालयहरुलाई प्रस्ताव पेश गर्ने सूचना प्रकाशन भए बमोजिम यस ऐसेलुखर्क गाउँपालिका भित्रका तपसिल बमोजिमका सार्वजनिक विद्यालयहरुबाट प्रस्ताव पेश भएकोले तपसिल बमोजिम प्राथमिकीकरण सहित श्री शिक्षा विकास तथा समन्वय इकाई, खोटाङ मार्फत शिक्षा तथा मावन विकास केन्द्र, सानोठिमी, भक्त/पुर सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

## तपसिल

१. विद्यालय भौतिक पुर्वाधार विकास कार्यक्रम

क. ४ कोठे विद्यालय भवन

| क्र.स. | जिल्ला | स्थानीय तह | IEMIS Code | विद्यालयको नाम र ठेगाना | प्रस्तावित कार्यक्रम | स्थानीय तहको सिफारिस प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | खोटाङ | ऐसुलुखर्क | १३०६१०००१ | श्री कालिका बाल विकास मा. वि. ऐसेलुखर्क-१ | ४ कोठे पक्की भवन | १ | |
| २. | खोटाङ | ऐसुलुखर्क | १३००१०००३ | श्री राष्ट्रिय प्रजातन्त्र आ.वि., ऐसेलुखर्क-३ | ४ कोठे पक्की भवन | २ | |
| ३. | खोटाङ | ऐसुलुखर्क | १३००१०००३ | श्री शिशु मा.वि. ऐसेलुखर्क-५ | ४ कोठे पक्की भवन | ३ | |
| ४. | खोटाङ | ऐसुलुखर्क | १३०३५०००१ | श्री शान्तोदय मा.वि., ऐसेलुखर्क-६ | ४ कोठे पक्की भवन | ४ | |
| ५. | खोटाङ | ऐसुलुखर्क | १३०४८०००५ | श्री मानुका आ.वि., ऐसेलुखर्क-७ | ४ कोठे पक्की भवन | ५ | |
| ६. | खोटाङ | ऐसुलुखर्क | १३००६०००४ | श्री बौद्ध आ.वि., ऐसेलुखर्क-२ | ४ कोठे पक्की भवन | ६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | खोटाङ | ऐसुलुखर्क | १३०४८०००७ | श्री चन्द्रकन्या आ.वि., ऐसेलुखर्क-७ | ४ कोठे पक्की भवन | ७ | |

**ख. २ कोठे विद्यालय भवन**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | खोटाङ | ऐसुलुखर्क | १३००६०००४ | श्री बौद्व आ.वि., ऐसेलुखर्क-२ | २ कोठे पक्की भवन | १ | |
| २. | खोटाङ | ऐसुलुखर्क | १३०४८०००३ | श्री जालपा प्रा.वि., ऐसेलुखर्क-७ | २ कोठे पक्की भवन | २ | |
| ३. | खोटाङ | ऐसुलुखर्क | १३००१०००६ | श्री लालवौद्ध आ.वि., ऐसेलुखर्क-३ | २ कोठे पक्की भवन | ३ | |
| | | | | | | | |

२. **ICT ल्याब व्यवस्थापन तथा विद्यालयमाDigital Library व्यवस्थापन**

| क्र.स. | जिल्ला | स्थानीय तह | IEMIS Code | विद्यालयको नाम र ठेगाना | प्रस्तावित कार्यक्रम | स्थानीय तहको सिफारिस प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | खोटाङ | ऐसुलुखर्क | १३०६४०००३ | श्री सिम्ले मा.वि., ऐसेलुखर्क-४ | ICT Lab | १ | |
| २. | खोटाङ | ऐसुलुखर्क | १३०६४०००१ | श्री गुराँस प्रा.वि., ऐसेलुखर्क-४ | ICT Lab | ४ | |
| ३. | खोटाङ | ऐसुलुखर्क | १३०६४०००४ | श्री त्रिभुवन आ.वि.,ऐसेलुखर्क-४ | ICT Lab | ५ | |
| ४. | खोटाङ | ऐसुलुखर्क | १३००६०००४ | श्री बौद्ध आ.वि., ऐसेलुखर्क-२ | ICT Lab | ३ | |
| ५. | खोटाङ | ऐसुलुखर्क | १३००६०००२ | श्री जालपा मा. वि., ऐसेलुखर्क-२ | ICT Lab | २ | |

## २. शिक्षा समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका विद्यालय सञ्चाणलन कार्यविधि, २०७९ को दफा २३ बमोजिम तपसिल बमोजिमका सदस्यहरु रहने गरी शिक्षा समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

(क) श्री गीरेन्द्र बहादुर राई (गाउँकार्यपालिकाको अध्यक्ष) -अध्यक्ष
(ख) श्री मंगल माया राई(गाँउ कार्यपालिका महिला सदस्य) -सदस्य
(ग) श्री टेकेन्द्र राजभण्डारी (गाँउ कार्यपालिका सदस्य) -सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(ङ) श्री बिरुमान राई (विद्यालय व्यवस्थापन समितिका अध्यक्ष) -सदस्य

(च) श्री टेक बहादुर क्षेत्री (सामुदायिक विद्यालयका प्रधानाध्यापक) -सदस्य
(छ)श्री मञ्जु तामाङ (बाल विकास केन्द्रका सहजकर्ता) -सदस्य
(ज) श्री पुष्पकला भुजेल(स्थानीय समाजसेवी वा शिक्षा प्रेमि) -सदस्य
(झ) श्री रामचन्द्र दर्जी (स्थानीय समाजसेवी वा शिक्षा प्रेमि-दलित) -सदस्य
(ञ) (शिक्षक महासंघका अध्यक्ष वा निजले तोकेको व्यक्ति) -सदस्य
(ट) शिक्षा अधिकृत -सदस्य सचिव

**३. तोरी खेती प्रवर्द्धन अनुदान कार्यविधि, २०७९ पारित सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाभित्रका उर्वर भूमिमा तोरी खेती गर्न कृषकहरुलाई प्रोत्साहन गरी तोरी उत्पादन बढाएर दैनिक रुपमा प्रयोग गरिने तेलको आयातलाई घटाउन र वर्षेनी अन्यन्त्र (पालिका बाहिर) बाहिरिने रुपैयाँलाई पालिकामा नै लगानी गरी पालिकाको आर्थिक वृद्धिमा टेवा पुर्याउने उद्देश्यले बनेको तोरी खेती प्रवर्द्धन अनुदान कार्यविधि, २०७९ दफावार रुपमा छलफल गरी "तोरी खेती प्रवर्द्धन अनुदान कार्यविधि, २०७९" सर्वसम्मत पारित गरियो ।

**४. गाउँपालिका स्तरीय कृषि विकास समिति गठन सम्बन्धमा ।**

प्रस्ताव नं. ४माथि छलफल गर्दा गाउँपालिका क्षेत्रमा कृषि विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन गाउँ कार्यपालिकाको कृषि विकास कार्यक्रम सञ्चालिन तथा व्यवस्थापन कार्यविधि, २०७५ को अनुसुची-१ अनुसार तपसिल बमोजिमका सदस्यहरु रहने गरी गाउँपालिका स्तरीय कृषि विकास समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

१. श्री गीरेन्द्र बहादुर राई (गाउँपालिका अध्यक्ष) -संयोजक
२. श्री कमला देवी तामाङ (महिला सदस्य) -सदस्य
३. श्री जय बहादुर वि.क.(दलित वा अल्पसंख्यक सदस्य) -सदस्य
४. (योजना शाखा प्रमुख) -सदस्य
५. पुष्पराज श्रेष्ठ (उद्योग वाणिज्य संघ) -सदस्य
६. किशोर राई (कृषि उद्यमी) -सदस्य
७. पर्शु श्रेष्ठ (कृषि व्यवसायी) -सदस्य
८. (वित्तीय एवं कृषि सहकारी संस्थाको महिला प्रतिनिधि) -सदस्य
९. (कृषक अगुवाबाट मनोनयम भएका महिला प्रतिनिधि) -सदस्य
१०. (कृषक अगुवाबाट मनोनयम भएका पुरुष प्रतिनिधि) -सदस्य
११. (कृषि तथा पशु सेवा शाखा प्रमुख) -सदस्य सचिव

**५. प्रशासकीय भवनको मध्यस्थ रकम भुक्तानी सम्बन्धमा ।**

प्रस्ताव नं. ५माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको प्रशासकीय भवन निर्माणको ठेक्कि नं. ARM-KHO-03/2076/077/NCB को सम्बन्धमा निर्माण सम्बन्धी सम्झौतामा उत्पन्न भएको विवाद समाधानको

लागि पक्षहरुबाट नियुक्त भएका मध्यस्थहरुको मिति २०७९/०४/१९ गते दिनको ३:०० बजे नेपाल मध्यस्थता परिषदको सचिवालय, कुपण्डोल, ललितपुरमा भएको बैठकको निर्णय नं. ८ बमोजिम मध्यस्थको पारिश्रमिक रु. ६,०५,०००/- (अक्षरुपी छ लाख पाँच हजार रुपैयाँ मात्र) र प्रशासनिक शुल्क रकम रु. २,२२,५००/- (अक्षरुपी दुई लाख बाइस हजार पाँच सय रुपैयाँ मात्र) र पारिश्रमिक कर रु. ५३,४८२/- (अक्षरुपी त्रिपन्न हजार चार सय बयासी रुपैयाँ मात्र) सहित जम्मा रु. ८,८०,९८२/- (अक्षरुपी आठ लाख असी हजार नौ सय बयासी रुपैयाँ मात्र) मध्ये रु. ४,४०,४९१/- (अक्षरुपी चार लाख चालिस हजार चार सय एकानब्बे रुपैयाँ मात्र)कन्टेन्जेन्सी शीर्षकबाट निर्णय नं. ९ बमोजिम हुने गरी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**६. लिदिङ खोला मोटरेवल पक्की पुल सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको ठेक्का नं. ARM-KHO-07/2077/078/NCB को निर्माणाधिन लिदिङ खोला मोटरेवल पक्की पुल निर्माणको क्रममा क्युव टेष्ट मिति २०७८/०८/०१ र मिति २०७८/१२/१८ मा गुणस्तर अनुसन्धान तथा विकास केन्द्र, चाकुपाट र Viswa Consultant Pvt Ltd बाट गरिएको टेष्टको प्राप्त रिपोर्टमा Strength सम्बन्धमा स्पष्टता प्राप्त हुन नसकेकोमा पुनः Core cutting गरी ल्याव परीक्षण गर्न अनुमति दिने निर्णय गरियो ।

**७. खेदकूद प्रशिक्षक दरबन्दी सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गाउँपालिका वा गाउँपालिका अन्तर्गत विभिन्न खेलकुल प्रतियोगिता सञ्चालन, खेदकूद प्रशिक्षण तथा समग्र खेलकूद विकासको लागि १ (एक) खेलकूद प्रशिक्षकको दरबन्दी सिर्जना गरी नियुक्ती गर्ने सर्वसम्मत निर्णय गरियो ।